बैठक संख्या : १०० स्थान : रासी नगरपालिका

मिती: २०७८।१०।२५ गते समय: साझँ ५ :०० बजे

यस रासी नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

अधिकृत छैठौं श्री सारदा देवी शर्मा

इञ्जिनियर श्री सुरज भट्टराई

क.अ. श्री रमेश चौधरी

मिति : २०७८।१०।२५ कार्यपालिका बैठक संख्या : १००

**प्रस्तावहरु**

१. पुर्व बैठकको समिक्षा ।
२. घर नक्सा सम्बन्धमा ।
३. भुमि सम्बन्धि समस्या सम्बन्धमा ।
४. Focal Person तोक्ने सम्बन्धमा ।
५. वडा स्तरिय सहजिकरण समिति तोक्ने सम्वन्धमा ।
६. लोथर खोलाको परिमार्जित परिमाण राखि ठेक्काको म्याद थप सम्बन्धमा ।
७. भण्डारा मा.बि. को १२ कोठे भवनको प्रथम भेरियसन अनुमोदन गरि अन्तिम भुक्तानी दिने सम्बन्धमा ।
८. म्याद थप सम्बन्धमा

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०७८।१०।१४ गते भएको कार्यपालिका बैठकमा भएका निर्णयहरु केहि कार्यान्वयन भएको र केहि कार्यान्वयनकै चरणमा रहेको हुदाँ सिघ्र कार्यान्वयनका लागि सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी तदारुकताका साथ अगाडी बढ्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिमा नगरपालिका स्थापना पूर्व निर्माण सम्पन्न भएका घरहरुको अभिलेखिकरण गर्नका लागि सूचना प्रकाशन गरिएकोमा कतिपय घरहरु नगरपालिका स्थापना पश्चात अझै सम्म पनि नक्सापास प्रक्रियामा नै नआइ विना नक्सापास निर्माण गरिएको र अभिलेखिकरण प्रक्रियामा समेत समस्या भएकोले तपसिल बमोजिम गर्ने गरि निर्णय गरियो ।

क. नगरपालिकाको स्थापना पश्चात पनि घरनक्सा पास विना नै निर्माण सम्पन्न गरि सो घरको अभिलेखिकरण प्रक्रियामा आउने गरेकोले त्यस्ता घरहरु नगरपालिकाबाट खटिई गएको प्राविधिकले अनुगमन गर्दा राष्ट्रिय तथा नगरपालिकाको भवन निर्माण संहिता पालना भएमा उक्त घरहरुको नक्सापास गर्न लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई सम्पन्न प्रमाण पत्र दिइनेछ । मापदण्ड विपरित निर्माण सम्पन्न भएको संरचनाहरुलाई प्रमाण पत्र दिन नगरपालिका बाध्य हुनेछैन ।

ख. नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएका Structural Engineer वा सो सरहका काउन्सिलमा दर्ता भएका इन्जिनियरले डिजाइन गरि सम्बन्धित परामर्शदाताको प्रत्यक्ष निगरानीमा सम्पन्न/निर्माणधिन रहेको प्रमाणित भएमा उक्त घरहरुको नक्सापास गर्दा लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई उपयुक्त चरणको निर्माण इजाजत पत्र वा सम्पन्न भइ सकेको अवस्थामा साथै सम्पन्न प्रमाण पत्र उपलब्ध गराइनेछ ।

ग. घर निर्माण गर्दा नगरपालिकाबाट इजाजत पत्र प्राप्त भएको हुनपर्नेछ अन्यथा प्रचलित कानून बमोजिम गरिनेछ ।

**मिति : २०७८।१०।२५** **कार्यपालिका बैठक संख्या : १००**

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा साविकमा कायम रहेको भूमि सम्बन्धी समाधान आयोग रात्सी इकाईबाट हाल सम्म भएका विभिन्न कामहरु तथा प्रगतिहरु अनुमोदन गरि हाल कायम रहेको राष्ट्रिय भूमि आयोगबाट जारी गरिएका कार्यविधि तथा कानूनको परिधिमा रहि भूमि सम्बन्धि समस्या समाधान गर्ने निर्णय गरियो ।साथै साविकमा विवरण प्रविष्टकर्तालाई प्रतिफारम रु ४० दिने निर्णय भएकोमा सो रकम निकै न्यून भएकोले प्रति फारम रु ५० का दरले प्रविष्टि कर्तालाई पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राष्ट्रिय भूमी आयोगको उद्देश्यबमोजिम रात्सी नगरपालिकाका भूमिहिन सुकुम्वासी भुमी दिने अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने प्रयोजनार्थ एक जना कर्मचारी फोकल पर्सनको रुपमा तोक्नुपर्ने भएकोले इञ्जिनियर श्री अर्जुन पौडेललाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा पहिलेको भूमि सम्बन्धि समस्या समाधान आयोग अन्तर्गत रात्सी नगरपालिकामा रहेको नगर स्तरिय सहजीकरण समिति र हरेक वडामा रहेको वडा स्तरिय सहजीकरण समिति हाल भएको राष्ट्रिय भूमि आयोगले निर्दिष्ट गरेको कानून र कार्यविधि बमोजिम साविकमा रहेको समितिलाई आवश्यकता अनुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रात्सी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिकवातावरणीय परिक्षण कार्यविधि,२०७७ को दफा ७ बमोजिम मिति २०७८/०७/१५ को रात्सी नगरपालिका कार्यपालिकाको बैठकबाट रात्सी र मनहरीको सिमानामा रहेको लोथर खोलाको रात्सी पट्टिको भागलाई मात्र समेटेर प्रारम्भिकवातावरणीय परिक्षण प्रतिबेदन स्वीकृत गरि भै मिति २०७८/०८/१९ गते प्रथम पटक लोथर खोलाबाट नदिजन्य पदार्थ उत्खनन तथा बिक्रीको लागि बोलपत्र आव्हान गरिएकोमा मिति२०७८/०८/२७ च.न. १२८९ को IEE प्रतिबेदन तयारीका लागि सहमति दिने सम्बन्धमा बिषयको पत्र र मिति २०७८/०९/१२ गतेको रात्सी नगरपालिका, मनहरी गा.पा. र चितवन राष्ट्रिय निकुन्जको संयुक्त बैठकमा भयको निर्णय बमोजिम लोथर खोलाको रात्सी र मनहरी दुबै पट्टिको भागलाई समेटेर प्रारम्भिकवातावरणीय परिक्षण प्रतिबेदन तयार गर्नु पर्ने भयको हुँदा यस रात्सी नगरपालिका कार्यपालिका बैठक संख्या ९५, मिति २०७८/०७/१५ गते स्वीकृत भयको लोथर खोलाको प्रारम्भिकवातावरणीय परिक्षण प्रतिबेदन "रात्सी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिकवातावरणीय परिक्षण कार्यविधि",२०७७ को दफा ८ बमोजिम परिमार्जन भै रात्सी नगरपालिका कार्यपालिकाको बैठकबाट मिति २०७८/१०/१४ बैठक संख्या ९९ को निर्णय न. ६ र ७ बमोजिम लोथर खोलाको खण्ड क र खण्ड ख को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन स्वीकृत भएकोमा परिमार्जित तथा अन्तिम प्रतिबेदन प्राप्त नहुँदा सम्मको लागि विभिन्न मितिमा ठेक्काको म्याद थप गरिएकोमा सो अनुमोदन गरि हाल प्राप्त प्रतिबेदनमा कुल

**मिति : २०७८।१०।२५** **कार्यपालिका बैठक संख्या : १००**

परिमाण धेरै भएतापनि एक भाग वा खण्ड क बाट ३०० घन.मि. र खण्ड ख बाट ३०० घन.मि. दैनिक उत्खनन हुने कानुनी प्रक्रिया बमोजिम आ.ब. २०७८/७९ को बाँकि अवधि ४ महिनाको लागि खण्ड क र खण्ड ख गरि जम्मा ७२००० घन.मि. प्रति घन.फिट रु. ९(नौ)( मु.अ.कर बाहेक) हुने गरि न्युनतम कबोल अंकमा बढाबढका आधारमा एकमुष्ट ठेक्का हुने गरि बोलपत्र खोल्ने मितिमा ११ दिन ठेक्काको म्याद थप गरि संसोधित परिमाण राखी बोलपत्र आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नमुना बिधालय विकास कार्यक्रम अन्तर्गत संघवाट बजेट प्राप्त भै ई-विड मार्फत ठेक्का आब्हान भै १२ कोठे भवनको निर्माण जिम्मा पाएको श्री ललित निर्माण सेवासंग मिति २०७८/०१/०८ मा सम्झौता भै कार्य प्रारम्भ भएकोमा ठेक्का न. **009/Works/NCB/RM/077/078, Bhandara Secondary Model School Development Programme,Construction of Twelve Rooms R.C.C Building** आयोजनामा हुन आएको भेरिएसन र संलग्न VO-१ चार्ट सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ (१) (ग) र सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ११८ (१) र (२) र स्थानीय सरकार संचालन एन २०७४ बमोजिम भेरियसन आदेश स्वीकृतिअनुमोदन गरि अन्तिम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिका भरीका सामुदायिक आधारभुत विद्यालयहरुमा ब्रोडब्याण्ड ईन्टरनेट पुऱ्याउन श्री सुविसु केबलनेट लि, काठ्माण्डौ कार्यालय र यस कार्यालय बिच मिति २०७८।०८।०६ मा (Contract ID: 001/SQ/Works/RM/078/079) सम्झौता भए बमोजिम मिति २०७८।११।०८ म्याद सकिने र म्याद थप गरिपाउँ भनि मिति २०७८।१०।१३ को पत्र प्राप्त भएको हुँदा सो सम्बन्धमा कोराना भाइरसको तेस्रो लहरले गर्दा कार्य सम्पादनमा भएको असहजता साथै हाल सम्मको प्रगती विवरण हेर्दा कार्य सम्पादन सन्तोष जनक रहेकोले उक्त आयोजना सम्पन्न गर्नुपर्ने अवधि २०७९ जेठ ६ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।